नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
टक्सार महाशाखा

सुनको असर्फी तथा चाँदीका मेडालियन बिक्री सम्बन्धी सूचना

मिति २०८३/०७/१८

वि.सं. २०८३ सालको तिहार पर्वको अवसरमा यस बैंकको टक्सार महाशाखा, बबरमहलबाट सुनको असर्फी तथा चाँदीका मेडालियन तपशिल बमोजिम बिक्री गरिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

- प्रति व्यक्ति २.५ ग्रामको सुनको असर्फी एक थान तथा १० ग्रामको चाँदीका मेडालियन (लक्ष्मी र गणेश अंकित) १/१ थानका दरले (बढीमा दुई थान मात्र) मिति २०८३/०७/१९ र २० गते बिहान ११:०० बजेदेखि दिनको ३:०० बजेसम्म (*मौज्दात कायम रहेसम्म*) पङ्क्तिबद्ध सेवाग्राहीहरुलाई बिक्री गरिनेछ ।
- असर्फी तथा मेडालियन खरिदका लागि नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र वा उक्त कागजातको नम्बर उल्लेख भएको अन्य कुनै प्रमाणपत्रको प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ ।
- असर्फी तथा मेडालियन खरिदको लागि नगद वा QR मार्फत भुक्तानी गर्न सकिनेछ ।
- असर्फी तथा मेडालियनको मूल्य दैनिक रुपमा बिहानको करिब ११ बजे पश्चात् निर्धारण हुने भएकोले मूल्य निर्धारण पश्चात् मात्र बिक्री कार्य सुचारु हुनेछ ।